३. आन्तरिक नियन्त्रण प्रणालीको उद्देश्य : चौरजहारी नगरपालिकाले देहायको उद्देश्य प्राप्तिको लागि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गरेकोछ,

क) कार्य सञ्चालनलाई व्यवस्थित, सिलसिला

## परिच्छेद : २

## आन्तरिक नियन्त्रण प्रणालीको उद्देश्य र आधार

३. आन्तरिक नियन्त्रण प्रणालीको उद्देश्य : (१) चौरजहारी नगरपालिका मातहतका निकायमा देहायको उद्देश्य हाँसिल गर्न आन्तरिक नियन्त्रण प्रणाली लागु गरिनेछ।

क) सार्वजनिक निकायको कार्य सम्पादन पद्धतिलाई व्यवस्थित, नियमित एवम् अनुमानयोग्य बनाउन,

ख) कार्यसम्पादन प्रक्रियालाई विश्वसनीय, मितव्ययी, कुशल नियम सम्मत एवम् प्रभावकारी बनाउन,

ग) सार्वजनिक पदाधिकारीकव जवाफदेहीता अभिवृद्धि गर्न,

घ) कार्यसम्पादनका लागि निर्दिष्ट गरिएका कानूनको पालना गर्न,

ङ) सार्वजनिक निकायको उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी उत्पादकत्व बढाउन, सही र तथ्यपरक वित्तीय प्रतिवेदनको माध्यमबाट प्रतिवेदनको गणस्तर, विश्वसनीयता र स्वीकार्यता बढाउन,

च) सहि र तथ्यपरक वित्तीय प्रतिवेदनको माध्यमबाट  प्रतिवेदनको गुणस्तर, विश्वसनीयता र स्वीकार्यता बढाउन,

छ) वित्तीय जवाफदेहीता तथा अनुशासन कायम गरी वित्तीय जोखिम न्यूनीकरणका लागि वित्तीय पारदर्शीता र सुशासन कायम गर्न।

४. आन्तरिक नियन्त्रण प्रणालीका कानूनी आधार : (१) सार्वजनिक निकायले निर्माण गर्ने आन्तरिक नियन्त्रण प्रणालीको कानूनी आधार देहाय बमोजिम हुनेछ :

क) नेपालको संविधान

ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ग) चौरजहारी नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली

(घ) सार्वजनिक खरिद ऐन, २०६३ र नगरपालिकाको सार्वजनिक खरिद नियमावनी

